# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np

वर्ष ९, अंक ३, २०७८ माघ-चैत्र | आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन | Year 9, Issued: Jan-Apr, 2022


## राजस्व संकलनको अवस्था

आर्थिक वर्ष २०७८/७९ को लागि विभागलाई रु. ५३७ अर्ब ९७ करोडको राजस्व संकलनको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये श्रावणदेखि चैत्रसम्म रु. ३ खर्ब ७५ अर्ब ४४ करोड लक्ष्य रहेकोमा रु. ३ खर्ब ४२ अर्ब ७७ करोड संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रू. ३१ अर्ब ९९ करोड अर्थात १०.२९ प्रतिशतले बढी हो ।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ रु. २ खर्ब ०५ अर्ब २५ करोड लक्ष्य रहेकोमा रु. १ खर्ब ८५ अर्ब १५ करोड संकलन भई लक्ष्यको तुलनामा ९०.२१ प्रतिशत संकलन भएको छ ।

*बाँकी ३ पृष्ठमा ...*

## महानिर्देशकको स्वागत तथा बिदाई कार्यक्रम सम्पन्न



आन्तरिक राजस्व विभागका नयाँ महानिर्देशक श्री रितेश कुमार शाक्यज्यूको स्वागत तथा महानिर्देशक श्री शोभाकान्त पौडेलज्यूको बिदाई कार्यक्रम एक समारोहका बीच सम्पन्न भएको छ । अर्थ मन्त्रालयबाट सरूवा भई आउनुभएका महानिर्देशक श्री रितेश कुमार शाक्यले सरूवा नियमित प्रक्रिया भएको स्मरण गर्दै आन्तरिक राजस्व विभाग र अन्तर्गतका सम्पूर्ण कर्मचारीलाई उत्प्रेरित भई कार्यक्षेत्रमा खटिन आग्रह गर्नुभयो । त्यसैगरी बिदाई मन्तब्य राख्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरूवा भई जान लाग्नुभएका महानिर्देशक श्री शोभाकान्त पौडेलले विभागमा रहँदा कर्मचारीहरूबाट उच्चस्तरको साथ सहयोग पाएको बताउँदै सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

### यस भित्र...


उपमहानिर्देशकको स्वागत तथा बिदाई कार्यक्रम सम्पन्न ६

Business Process Reengineering (BPR) तयारीको एक दिने गोष्ठी सम्पन्न ७

आन्तरिक राजस्व विभाग र GIZ बीच बैठक सम्पन्न ८



# महानिर्देशकको सन्देश

*"स्वयम् कर निर्धारणलाई आधारभूत रुपमा स्वीकार गर्दै करदाता सेवा सहजीकरण र करदाता सन्तुष्टिलाई विभागले उच्च प्राथमिकता दिदै आएको छ । साथसाथै बजार अनुगमन, करपरीक्षण तथा अनुसन्धान, कानूनी कारबाही लगायतको माध्यमबाट समेत कर सहभागिता अभिवृद्धि गर्नेतर्फ विभाग क्रियाशील रहिआएको छ ।"*

यस विभागको २०७८ श्रावण देखि चैत्र महिनासम्मको रु. ३ खर्ब ७५ अर्ब ४४ करोड राजस्व संकलनको लक्ष्य रहेकोमा रु. ३ खर्ब ४२ अर्ब ७७ करोड संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको तुलनामा रु. ३१ अर्ब ९९ करोड अर्थात १०.२९ प्रतिशतले बढी हो । यसरी आम करदाताहरूले मुलुकको राजस्व परिचालनमा पुर्‍याउनु भएको योगदानको उच्च सम्मान गर्दै विशेष धन्यवाद एवम् आभार प्रकट गर्न चाहन्छु ।

पछिल्लो समय विदेशी विनिमय सञ्चितिमा देखिएको दबाब कम गर्न नेपाल सरकारले चालेका नीतिगत कदमबाट आयातमा आधारित राजस्वमा केही संकुचन आएतापनी कोभिड १९ को असर कम भएसँगै पर्यटन लगायतका अर्थतन्त्रका अन्य क्षेत्रमा क्रमशः भएको सुधार तथा पूँजीगत खर्चको बढोत्तरीसँगै आन्तरिक राजस्व परिचालनमा अभिवृद्धि हुने आधार बलियो हुँदै गएको छ ।

विभाग आफ्नो संगठन संरचनाको सञ्जालीकरण, दक्ष र उत्प्रेरित जनशक्ति तथा अत्याधुनिक सूचना प्रविधिको प्रयोगमार्फत कम समय र लागतमा गुणस्तरीय एवम् करदातामैत्री सेवा प्रवाह गर्न प्रतिबद्ध छ । साथै सरकारले लिएको डिजिटल नेपालको संकल्पलाई साकार पार्न विभागले कार्यप्रक्रिया सरलीकरण, अनलाइन सेवाको विस्तार एवम् स्वचालित सेवा प्रवाहलाई दृढताका साथ अगाडि बढाएको छ। यस सन्दर्भमा विभागले सरोकारवाला सरकारी तथा अन्य निकायहरुसँग प्रणालीगत अन्तरआवद्धतामा जोड दिएको छ ।

स्वयम् कर निर्धारणलाई आधारभूत रुपमा स्वीकार गर्दै करदाता सेवा सहजीकरण र करदाता सन्तुष्टिलाई विभागले उच्च प्राथमिकता दिदै आएको छ। साथसाथै बजार अनुगमन, करपरीक्षण तथा अनुसन्धान, कानूनी कारबाही लगायतको माध्यमबाट समेत कर सहभागिता अभिवृद्धि गर्नेतर्फ विभाग क्रियाशील रहिआएको छ ।

राष्ट्रिय कर प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरका असल एवम् अब्बल कर प्रणाली सापेक्ष बनाउदै सम्पूर्ण आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउनु, कर प्रशासनको कर संकलन लागत र करदाताको कर परिपालना लागत घटाउदै कर कानूनको पूर्ण परिपालना गराउनु, कराधारको संरक्षण गर्दै संघीय संरचना बमोजिम तीनै तहको राजस्व संरचनामा सामाञ्जस्यता ल्याउनु लगायतका चुनौतिहरु हामीबीच कायमै रहेको सन्दर्भमा आगामी दिनमा उक्त चुनौतिहरुको रणनैतिक ढंगले सामना गर्न तथा संविधानप्रदत्त मौलिक हकहरुको कार्यान्वयन गर्दै दिगो एवम् राष्ट्रिय विकासका लक्ष्यहरु हासिल गर्न राजस्व परिचालनका हाम्रा समन्वयात्मक प्रयासहरुलाई अझ थप सघन र गहन बनाउनुपर्ने अपरिहार्यता रहेको छ ।

रितेश कुमार शाक्य
महानिर्देशक


*पेज नं. १ बाट क्रमश ...*

मूल्य अभिवृद्धि करतर्फ रु. ९२ अर्ब ८४ करोड लक्ष्य रहेकोमा रु. ८० अर्ब ८९ करोड अर्थात लक्ष्यको ८७.१२ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कतर्फ रू. ७४ अर्ब १७ करोड लक्ष्य रहेकोमा रु. ७१ अर्ब ५६ करोड संकलन भएको छ, जुन लक्ष्यको ९६.४८ प्रतिशत हुन आँउछ । स्वास्थ्य सेवा करतर्फ रु. २ अर्ब ३८ करोड लक्ष्य रहेकोमा रु. ४ अर्ब ५३ करोड संकलन असुली भै लक्ष्यको १९०.३३ प्रतिशत संकलन भएको छ । त्यसैगरी शिक्षा सेवा शुल्कतर्फ रु. ७८ करोड लक्ष्य रहेकोमा रु. ६२ करोड संकलन भई लक्ष्यको तुलनामा ८०.२० प्रतिशत संकलन भएको छ ।

रू. हजारमा

| क्षेत्र | आ.व. २०७७/०७८ चैत्र मसान्तसम्मको संकलन | आ.व. २०७८/०७९ चैत्र मसान्तसम्मको लक्ष्य | आ.व. २०७८/०७९ चैत्र मसान्तसम्मको संकलन | प्रगति | वृदिदर |
|---|---|---|---|---|---|
| आयकर | १४३१९७९६२।९ | १७६८४७२०४ | १६५५२१३६२ | ९३।६० | १५।५९ |
| बहाल कर | १९८३९३७।७२ | २९५३८०३ | २०६९३३६ | ७०।०६ | ४।३० |
| ब्याज कर | १७२७९९५३।२ | २५४५३८६५ | १७५६६२६६ | ६९।०१ | १।६६ |
| जम्मा आयकर | १६२४६१८५३।८ | २०५२५४८७२ | १८५१५६९६४ | ९०।२१ | १३।९७ |
| मू.अ.कर आन्तरिक | ८५५१७८१७।५ | ९२८४९८१२ | ८०८९४४४७ | ८७।१२ | (५।४१ |
| अन्त शुल्क आन्तरिक | ५८७७७८६३।६ | ७४१७५३७५ | ७१५६१७९९ | ९६।४८ | २१।७५ |
| स्वास्थ्य सेवा कर | ३७२७८८६।६९ | २३८२९६१ | ४५३५४८२ | १९०।३३ | २१।६६ |
| शिक्षा सेवा शुल्क | २९८२७४।६८ | ७८०३३९ | ६२५७९७ | ८०।२० | १०९।८१ |
| कुल जम्मा | ३१०७८३६९६।३ | ३७५४४३३५९ | ३४२७७४४८९ | ९१।३० | १०।२९ |

## आ.व. २०७८/७९ को चैत्र महिनासम्मको शिर्षकगत राजस्व संकलनको अवस्था



# आ.व. २०७८/७९ चैत्र मसान्त सम्मको क्षेत्रगत रूपमा कर संकलनको अवस्था

आ.व. २०७८/७९ चैत्र मसान्त सम्मको क्षेत्रगत रूपमा कर संकलनको अवस्थालाइ हेर्दा आयकरतर्फको **Corporate Income Tax** वाट प्राप्त राजस्व गत आ.व.को यहि अवधिको तुलनामा १४.६८, **Personal Income Tax** को १५.९९ प्रतिशत र **Investment Income Tax** को ७.०२ प्रतिशतको वृद्धि रहेको देखिन्छ । आयकरबाट प्राप्त हुने समग्र क्षेत्रको वृद्धिदर १३.९७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरि मु.अ.करवाट प्राप्त हुने समग्र क्षेत्रको वृद्धिदर ५.४१ प्रतिशतले नकारात्मक रहेकोमा उत्पादन, बिक्रिवितरण, पर्यटन उद्योगबाट प्राप्त हुने करको वृद्धिदर सकारात्मक रहेको छ । त्यस्तै ठेक्का र परामर्श तथा सञ्चार, बीमा, उड्डयन शुल्क र अन्य सेवाहरू प्राप्त हुने कर समेत नकारात्मक रहेको देखिन्छ भने रिभर्स मू.अ.करको वृद्धिदर सामान्य रहेको देखिन्छ । त्यसैगरि अन्तःशुल्कवाट प्राप्त हुने समग्र क्षेत्रको वृद्धिदर २१.७५ प्रतिशतले सकारात्मक रहेको देखिन्छ भने शिक्षा तथा स्वास्थ्यवाट प्राप्त हुने समग्र क्षेत्रको वृद्धिदर क्रमशः १०९.८१ र २१.६६ प्रतिशतले सकारात्मक भरइ समग्र राजश्व संकलनको वृद्धिदर १०.२९ प्रतिशतले सकारात्मक रहेको देखिन्छ ।

| S.No. | Revenue Head | 2 years before | Last Year | Change % | Current Year | Change % |
|---|---|---|---|---|---|---|
| | **Corporate Income Tax** | | | | | |
| 1 | Income Tax From Government Corporation-11121 | 7171645.71 | 3483201.9 | -51.43 | 4493989.91 | 29.02 |
| 2 | Income Tax From Public Limited Companies-11122 | 25205937.1 | 37386581 | 48.32 | 38495987.9 | 2.97 |
| 3 | Private Limited Companies-11123 | 21968014.8 | 26796682 | 21.98 | 34599834.9 | 29.12 |
| 4 | Other Companies-11124 | 6493247.81 | 6222153.4 | -4.18 | 7145480.99 | 14.84 |
| | **Total** | **60838845.5** | **73888618** | **21.45** | **84735293.7** | 14.68 |
| | **Personal Income Tax** | | | | | |
| 5 | Personal Income Tax & Proprietorship-11111 | 16536144.3 | 18467933 | 11.68 | 19609986.6 | 6.18 |
| 6 | Remuneration-11112 | 18077135.8 | 20091785 | 11.14 | 23509287.3 | 17.01 |
| 7 | Social Security Tax-11211 | 4679668.68 | 5011610.2 | 7.09 | 5325441.31 | 6.26 |
| 8 | Capital Gain Tax Individual-11113 | 7821566.94 | 19208315 | 145.58 | 24370708.1 | 26.88 |
| | **Total** | **47114515.7** | **62779643** | **33.25** | **72815423.3** | 15.99 |
| | **Investment Income Tax** | | | | | |
| 9 | Rent & Lease-11131 | 2047168.85 | 1983937.7 | -3.09 | 2069397.04 | 4.31 |
| 10 | Interest-11132 | 16125801.5 | 17279953 | 7.16 | 17565498.1 | 1.65 |
| 11 | Capital Gain Tax Corporate-11125 | 23660172.6 | 543823.95 | -97.7 | 974195.74 | 79.14 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 12 | Dividend-11133 | 5302599.76 | 4675345.9 | -11.83 | 5139518.35 | 9.93 |
| 13 | Other income of investment-11134 | 65380.84 | 92835.71 | 41.99 | 536788.56 | 478.21 |
| 14 | Windfall Gain Tax-11135 | 197742.3 | 136519.78 | -30.96 | 148696.49 | 8.88 |
| 15 | Other Income Tax-11139 | 948253.27 | 1081176 | 14.02 | 1171505.86 | 8.35 |
| **Total** | | **48347119.1** | **25793592** | **-46.65** | **27605600.1** | **7.02** |
| **Value Added Tax** | | | | | | |
| 16 | Production-33311 | 20531303.4 | 25570110 | 24.54 | 26128125.2 | 2.18 |
| 17 | Sales and Distribution-33313 | 16779858.5 | 21612193 | 28.8 | 21519342.2 | -0.43 |
| 18 | Contract & Consultancy-33314 | 22882515.9 | 23963045 | 4.72 | 18852995.2 | -21.32 |
| 19 | Tourism Industries-33315 | 1844249.95 | 565075.63 | -69.36 | 749735.57 | 32.68 |
| 20 | Communication, Insurance, Aviation Fee and Other Services-33316 | 6849245.4 | 9855030.1 | 43.88 | 9573520.13 | -2.86 |
| 21 | Reverse charge-33317 | 3514449.72 | 3952363.2 | 12.46 | 4070675.3 | 2.99 |
| **Total** | | **72401622.9** | **85517818** | **18.12** | **80894393.6** | -5.41 |
| **Excise Tax** | | | | | | |
| 22 | Tobacco base (Cigarette/bidi)-33331 | 13973836.9 | 13968454 | -0.04 | 17737893.9 | 26.99 |
| 23 | Liquor-33332 | 15345831.2 | 17491636 | 13.98 | 21040796.5 | 20.29 |
| 24 | Beer-33333 | 13044931.7 | 15652181 | 19.99 | 21025963.9 | 34.33 |
| 25 | Other Industrial Production-33334 | 8593842.49 | 11665593 | 35.74 | 11757844.7 | 0.79 |
| **Total** | | **50958442.2** | **58777864** | **15.34** | **71562499** | 21.75 |
| **Health Service Tax** | | | | | | |
| 26 | Health Service Tax-11442 | 208887.86 | 23001.89 | -88.99 | 4886.25 | -78.76 |
| 27 | Health Risk Tax-11423 | 1875038.4 | 3704884.8 | 97.59 | 4530595.75 | 22.29 |
| **Total** | | **2083926.26** | **3727886.7** | **78.89** | **4535482** | **21.66** |
| **Education Tax** | | | | | | |
| 28 | Education Fees (school, college)-11443 | 41820.25 | 16190.12 | -61.29 | 32971.52 | 103.65 |
| 29 | Education Fees (foreign study)-11444 | 474339.53 | 282084.56 | -40.53 | 592825.76 | 110.16 |
| **Total** | | **516159.78** | **298274.68** | **-42.21** | **625797.28** | **109.81** |
| **Total Tax Collection** | | **282260631** | **310783696** | **10.11** | **342774489** | **10.29** |

# उपमहानिर्देशकको स्वागत तथा बिदाई कार्यक्रम सम्पन्न



एक कार्यक्रमका बीच आन्तरिक राजस्व विभागबाट भन्सार विभागमा सरूवा भई जानुभएका विभागका उपमहानिर्देशक श्री आनन्द काफ्लेको बिदाई कार्यक्रम सम्पन्न भएको छ ।

बिदाई समारोहमा मन्तब्य राख्दै उहाँले आफ्नो कार्यकालमा सुरूवात भएका कामहरूले निरन्तरता पाउनेमा विश्वास व्यक्त गर्नुभयो ।

त्यसैगरी आन्तरिक राजस्व विभागमा सरूवा भई आउनुभएका उपमहानिर्देशक श्री टंक प्रसाद पाण्डेयको स्वागत कार्यक्रम समेत सम्पन्न भएको छ ।

# सूचना तथा सञ्चार प्रविधि मार्गदर्शन (ICT Guideline) तयारीको एक दिने गोष्ठी सम्पन्न



आन्तरिक राजश्व विभागको विभिन्न प्रणाली र पूर्वाधार व्यवस्थित एवं सुरक्षित रूपमा संचालनमा ल्याउने उद्धेश्यले सूचना तथा सञ्चार प्रविधि मार्गदर्शन (ICT Guideline) तयार गर्न सूचना प्रविधि व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यसमिति गठन भएको छ । उक्त समितिमा कर प्रणाली सुधार शाखा, नीति विश्लेषण शाखा, सूचना संचार प्रविधि शाखा, व्यवस्थापन सूचना प्रणाली शाखा, सूचना प्रविधि परिपालना तथा सुरक्षा शाखाका निर्देशकहरु र संचार तथा सूचना प्रविधि मन्त्रालयका उप-सचिव(प्रा) सदस्य तथा सूचना प्रविधि परिपालना तथा सुरक्षा शाखाका कम्प्युटर ईन्जिनियर सदस्य-सचिव रहने गरी आठ सदस्यीय रहेको छ । सो कार्यसमितिले तयार गरेको मार्गदर्शनको ढाँचालाई आन्तरिक राजस्व विभाग तथा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरि अन्तिम रुप दिनका लागि एक दिने गोष्ठी मिति २०७८/१२/११ मा चन्द्रागिरी हिल्स रिसोर्टमा सम्पन्न भएको छ । उक्त गोष्ठीमा मार्गदर्शन तयारी कार्यसमितिका सदस्यहरु, सूचना प्रविधि व्यवस्थापन महाशाखाका कर्मचारीहरु, र विभागका अन्य माहाशाखा/शाखाका कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यसमितिबाट तयार भएको मार्गदर्शनको प्रस्तुतीकरण पश्चात सहभागीहरुको तर्फबाट सुझाव र प्रतिक्रिया प्राप्त भएको थियो। गोष्ठीवाट प्राप्त राय सुझावलाई समेत समावेश गरी मार्गदर्शनलाई अन्तिम रुपदिने कार्य भईरहेको छ।

# अन्तःशुल्क सम्बन्धी १ (एक) दिने भर्चुअल तालिम सम्पन्न



आन्तरिक राजस्व विभागले आन्तरिक राजस्व कार्यालयमा कार्यरत अन्तःशुल्क अधिकृत एवम् अन्तःशुल्क निरीक्षकहरूलाई १ (एक) दिने अन्तःशुल्क सम्बन्धी भर्चुअल तालिम प्रदान गरेको छ । तालिमको शुभारम्भ गर्दै विभागका उपमहानिर्देशक श्री टंक प्रसाद पाण्डेयले जनशक्तिको कमीले गर्दा भौतिक नियन्त्रण प्रणालीलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न समस्या आएको बताउँदै अन्तःशुल्क प्रशासनको क्षमता अभिवृद्धि गर्दै निगरानी बढाउनुपर्ने बताउनुभयो । त्यसैगरी तालिमको समापन समारोहमा निर्देशन मन्तब्य राख्दै विभागका महानिर्देशक श्री रितेश कुमार शाक्यले भौतिक नियन्त्रण प्रणाली सम्बन्धमा सेन्सेटाइज गरी जनशक्तिलाई थप सक्षम बनाउन तालिम सञ्चालन गरिएको बताउदै उच्च मनोबलका साथ कार्यक्षेत्रमा खटिन सहभागीहरूलाई आग्रह गर्नुभयो । अन्तःशुल्क सम्बन्धी विविध विषयमा विभागका निर्देशकहरू ध्रुवराज ज्ञवाली र ईश्वर प्रसाद कोइरालाले प्रशिक्षण दिनुभएको थियो ।

# Business Process Reengineering (BPR) तयारीको एक दिने गोष्ठी सम्पन्न



आन्तरिक राजश्व विभागको कर प्रणालीमा रहेका विद्यमान प्रक्रियाहरुको अध्ययन, मुल्यांकन पश्चात सरलीकरण गरि एकिकृत कर प्रणाली (Integrated Tax System) लाई करदाता मैत्री बनाउने उद्धेश्य सहित विभागको व्यवस्थापन गोष्ठी, २०७८ को प्रतिवद्धतापत्रमा समेत प्रस्तावित Business Process Reengineering (BPR) को कार्यक्षेत्रगत शर्त (Terms of Reference) लगायतका प्राविधिक विषयमा छलफल गर्न मिति २०७८/१२/१५ होटल आकामा प्रा. ली. धुम्बाराहीमा एक दिने गोष्ठी सम्पन्न भएको छ । उक्त गोष्ठीमा बिभागका महानिर्देशक, उपमहानिर्देशकहरु, सूचना प्रविधि विज्ञ, विभागका निर्देशकहरु र GIZ-RAS प्रोजेक्टका प्राविधिक सल्लाहकारहरुको सहभागिता भएको थियो । उक्त गोष्ठीमा BPR को उद्देश्य, सो उद्देश्य प्रासिका लागि आवश्यक क्रियाकलाप, कार्यान्वयनको लागि आवश्यक जनशक्ति आवश्यक जस्ता विषयवस्तुमा प्रविधिक छलफल गरि प्रारम्भिक खाका तयार भएको छ । उक्त प्रारम्भिक खाकालाई विभाग र GIZ-RAS मार्फत परिमार्जन गरी अन्तिम रुपदिने कार्य भईरहेको छ। उक्त गोष्ठीमा आन्तरिक राजश्व विभागका महानिर्देशक श्री रितेश कुमार शाक्यज्यू र GIZ-RAS प्रोजेक्टका प्रमुख प्रविधिक सल्लाहकार Mr. Syed Mehdi Raza Rizvi ले समापन मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# आन्तरिक राजस्व विभाग र GIZ बीच बैठक सम्पन्न



आन्तरिक राजस्व विभाग र GIZ RAS Project बीच मिति २०७८/१२/०७ गते आन्तरिक राजस्व विभागमा शिष्टाचार बैठक सम्पन्न भएको छ । बैठकमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री रितेश कुमार शाक्य, उपमहानिर्देशक श्री गोविन्द प्रसाद सुवेदी, अर्जुन प्रसाद भट्टराई, सूचना प्रविधि विज्ञ रमेश शर्मा पौडेल, निर्देशक श्री लक्ष्मी पराजुली, GIZ का चिफ टेक्निकल एड्भाइजर Mr. Syed Mehdi Raza Rizvi लगायतको उपस्थिति रहेको थियो । बैठकमा GIZ RAS Project ले आन्तरिक राजस्व विभाग अन्तर्गत गर्न सकिने संभावित सहयोगका क्षेत्रका बारेमा छलफल भएको थियो । बैठकमा विभागका महानिर्देशक श्री रितेश कुमार शाक्यले प्रोजेक्टले कर प्रशासनको क्षमता अभिवृद्धिमा पुर्‍याएको योगदानप्रति कृतज्ञता व्यक्त गर्नुभयो भने चिफ टेक्निकल एड्भाइजर Mr. Syed Mehdi Raza Rizvi ले विभागको सहकार्यको प्रसंशा गर्नुभयो ।

# राजस्व संकलन सम्बन्धी विभागीय निर्देशन



आन्तरिक राजस्व विभागले मिति २०७८.१२.२० मातहतका कार्यालयहरूलाई भर्चुअल माध्यमबाट निर्देशनात्मक कार्यक्रमको आयोजना गरेको छ । उक्त कार्यक्रममा निर्देशनात्मक मन्तब्य राख्दै विभागका महानिर्देशक श्री रितेश कुमार शाक्यले चैत्र मसान्तसम्मको समयलाई आयकरको दोस्रो किस्ता बुझाउने समय चैत्र मसान्तलाई लक्षित गरी अभियानकै रूपमा राजस्व संकलनमा केन्द्रीत गरी तोकिएको लक्ष्य हासिल गर्न निर्देशन दिनुभयो । त्यसैगरी विभागका उपमहानिर्देशकहरूले समेत निर्देशन मन्तव्य राख्दै वक्यौता रकम बढ्दै जानु चिन्ताजनक भएकोले समयमै वक्यौता असुल गर्न कार्यालयहरूलाई आग्रह गर्नुभयो । उक्त कार्यक्रम विभाग मातहतका सम्पूर्ण कार्यालयका प्रमुखहरू भर्चुअल माध्यमबाट सहभागि हुनुभएको थियो भने विभागका संकलन शाखाका निर्देशक श्री ठग बहादुर महोत्राले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

# आन्तरिक राजस्व कार्यालय बालाजुद्वारा करदाता शिक्षा एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न




आन्तरिक राजस्व कार्यालय बालाजुको आयोजना एवम् कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवाको समन्वयमा रसुवा जिल्ला स्थित विभिन्न स्थानीय तहका आर्थिक प्रशासनसँग सम्बद्ध कर्मचारी एवम् कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीहरू समेत गरी करिब ६० जनाको उपस्थितिमा २०७८ चैत ७ गते १ (एक) दिने करदाता शिक्षा एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय बालाजुका कर अधिकृत श्री विजय प्रसाद लामिछानेले मौजुदा कर कानून तथा विद्युतीय माध्यमबाट अग्रिम कर कट्टी (ETDS) का बारेमा सहजिकरण गर्नु भएको थियो भने कम्प्युटर अधिकृत श्री सुरेश बास्तोलाले विद्युतीय माध्यमबाट अग्रिम कर कट्टी (ETDS) को प्रयोगात्मक अभ्यासबारे अभिमुखीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवाका प्रमुख कोष नियन्त्रक हेमराज पौडेल एवम् जिल्ला समन्वय समिति रसुवाका जिल्ला समन्वय अधिकारी शर्मिला कार्कीले समेत सहभागिहरूलाई आर्थिक प्रशासन सम्बद्ध विषयमा सहजीकरण गर्नुभएको थियो । सहभागीहरूका तर्फबाट कालिका गाउंपालिकाका लेखापाल विनय भण्डारीले सबै सरकारी कार्यालय तथा भुक्तानी गर्ने निकायहरूले अनिवार्य रूपमा विद्युतीय माध्यमबाट अग्रिम कर कट्टी (ETDS) गर्न अपरिहार्य रहेको व्यहोरा बताउदै समेत आफ्नो प्रतिबद्धता जनाउनु भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय, धरानद्वारा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न






आन्तरिक राजस्व कार्यालय धरानले मिति २०७८ माघ २७ र चैतमा २२ गतेको दिन आन्तरिक राजस्व कार्यालय धरानको सभाहलमा र २०७८ फागुन ११ गते बराहक्षेत्र नगरपालिकाको सभाहलमा कर सम्वद्ध व्यक्ति तथा निकायहरु ( नगरपालिका, उधोग वाणिज्य संघ, अडिटर एसोसिन सुनसरी, कर सहयोगी श्रमिक संगठन सुनसरी, करदाता तथा अन्य निजी क्षेत्रका प्रतिनिधिहरु) को उपस्थितिमा कर प्रशासन सम्बन्धी समसामयिक विषय, अवैध मदिरा नियन्त्रण, आर्थिक ऐन, २०७८ को सुविधा उपयोग, नन्फाईलर, बक्यौता असुली, बेरुजु फर्स्यौट, किस्ताबन्दीमा कर दाखिला गर्ने सम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । धरानमा भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा उधोग वाणिज्य संघको अध्यक्ष लगायत अन्य प्रतिनिधिहरुले सम्बोधन गर्नु भएको थियो भने बराहक्षेत्र नगरपालिकाको कार्यक्रममा नगर प्रमुख श्री निलम खनाल, प्रमुख प्रशासकीय अधिकृत श्री अम्बिका प्रसाद चौलागाई, लगायत अन्य प्रतिनिधिहरुले सम्बोधन गर्नु भएको थियो । सहभागीहरूले यस प्रकारका कार्यक्रमले कर प्रशासन र व्यवसायी एवम् सरोकारवालाबीचको दूरी कम भई कर कानूनको पूर्ण परिपालनामा सघाउ पुग्ने विचार व्यक्त गरेका थिए। उक्त कार्यक्रममा कर अधिकृतहरु प्रेम प्रकाश मण्डल, संगम गुरुङ, गोपाल राई र लक्ष्मण कार्की र कम्प्युटर अपरेटर श्री गोविन्द प्रसाद पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने छलफलमा उठेका जिज्ञासा तथा समस्याहरुको समाधान, सुझाव सल्लाह र निर्देशन सहित प्रमुख कर अधिकृत श्री गोबिन्दराज आचार्यले सम्बोधन गरी कार्यक्रम समापन गर्नुभएको थियो। आन्तरिक राजस्व कार्यालय धरानले नियमित रुपमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रमहरू संचालन गर्दै आएको छ ।



# आन्तरिक राजस्व कार्यालय, जुम्लाद्वारा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न



आन्तरिक राजस्व कार्यालय जुम्लाको आयोजनामा संवत २०७८ चैत्र २१ गतेका दिन कार्यालयको सभाहलमा जुम्ला जिल्ला स्थित सरकारी तथा गैर सरकारी कार्यालयहरुको आर्थिक प्रशासन हेर्ने लेखा प्रमुखलाई अग्रिम कर कट्टी तथा सो को विवरण दाखिला गर्ने E-TDS सम्बन्धी करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमलाई संबोधन गर्दै प्रमुख कर अधिकृत डिलाराम सापकोटाले भुक्तानीको बखत करकट्टी गर्ने कार्यको साथै सोको विवरण Online मार्फत दाखिला गर्नु अनिवार्य भएको बताउनु भयो । कार्यालयका कर अधिकृत सतेन्द्र मोहन गुरुङले भुक्तानिको बखत अग्रिम कर कट्टी गर्नु पर्ने विषयहरु, कर कट्टी गरिएको रकम बैंक दाखिला गर्ने तरिका, E-TDS गर्ने प्रक्रियाहरु लगायतका समसामायिक विषयहरुमा जानकारी गराउनु भएको थियो ।सो कार्यक्रममा जुम्ला स्थित २५ कार्यालयहरुका लेखा प्रमुखहरुको उपस्थिति थियो ।

साथै आन्तरिक राजस्व कार्यालय जुम्लाको आयोजना तथा कालिकोट उद्योग वाणिज्य संघको समन्वयमा मिति २०७८/१२/२३ गतेका दिन कालिकोट जिल्ला स्थित व्यापार व्यवसाय गरिरहेका करदाताहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा कर अधिकृत सतेन्द्र मोहन गुरुङले करदाता दर्ता कर विवरण दाखिला तथा कर विजक जारी गर्ने लगायतका कानुनी प्रावधान तथा आर्थिक ऐन, २०७८ को दफा ३५ (Mismatch) सम्बन्धी कर छुट सुविधाको बारेमा जानकारी गराउनु भएको थियो ।सो कार्यक्रममा उद्योग बाणिज्य संघका प्रतिनिधिहरुले (Mismatch) घोषणा गर्ने र रकम दाखिला गर्ने समय छोटो भएकोले समयावधि थप गर्नुपर्ने माग राखेका थिए ।



# करदाता सेवा कार्यालय, फिदिमद्वारा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न




करदाता सेवा कार्यालय फिदिमको आयोजनामा मिति २०७८ चैत्र ११ गते १ (एक) दिने करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम ताप्लेजुङमा सम्पन्न भएको छ । कार्यक्रममा कर अधिकृत तिलक थापा मगरले कर कानूनका समसामयिक विषयमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ ताप्लेजुङका अध्यक्ष नारायण थापा, महासचिव कमल लिम्बू, उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तारानाथ घिमिरे लगायत फुङलिङ बजारका उद्योगी एवम् व्यवसायीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले फिदिममा करदाता सेवा कार्यालय स्थापना भएपश्चात् सेवा प्राप्त गर्न सहज भएको बताउँदै आगामी दिनमा थप करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी व्यवसायीका कर सम्बन्धी अस्पष्टता कम गर्दै जानुपर्ने बताएका थिए ।

**प्रकाशक:**

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं
फोन: ४४१५८०२/४४१५८०३/४४१२२४७/४४१९७१९/४४३९७८७/४४३९७८९
फ्याक्स: ४४११७८८, इमेल: hq@ird.gov.np, वेभसाइट: www.ird.gov.np

**संरक्षक**
रितेश कुमार शाक्य

**सल्लाहकार**
अर्जुन प्रसाद भट्टराई
टंक प्रसाद पाण्डेय
गोविन्द प्रसाद सुवेदी
रमेश शर्मा पौड्याल

**सम्पादन समूह**
लक्ष्मी पराजुली
राजु वि.क.
ठग बहादुर महोत्रा
राज कुमार पोखेल
गणेश विक्रम शाही
केदार श्रेष्ठ
नारायण प्रसाद उपाध्याय
सूर्य प्रसाद चापागाईं